प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी

बालाजु, काठमाडौं

## चमेना गृह सञ्चालनको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८२ वैशाख २२ गते सोमबार**

यस बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी परिसरमा रहेको 'ए' ब्लकमा चमेना गृह सञ्चालन कार्य गर्न सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले चमेना गृह सञ्चालन सम्बन्धी इजाजत प्राप्त गरेका सञ्चालकहरूलाई यो सूचना प्रकाशित भएका मितिले २१औं दिनभित्र रीतपूर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। प्यान वा भ्याटमा दर्ता, फर्म दर्ताको प्रमाण पत्र तथा आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथ निवेदन पेश गरी सिलबन्दी दरभाउपत्र फाराम यस शिक्षालयबाट फिर्ता नहुने गरी रकम रु.१,०००/- (एक हजार मात्र) एभरेस्ट बैंकको खाता नं. ०२०००१०५२०००४३ मा शिक्षालयको नाममा जम्मा गरी खरिद गर्न सकिनेछ। सूचना प्रकाशित भएको मितिले २१औं दिनसम्म कार्यालय समयभित्र दरभाउपत्र फाराम खरिद गरी २२औं दिनको १२:०० बजेसम्म दर्ता गरिसक्नुपर्नेछ। २२औं दिनको दिउँसो २:०० बजे दरभाउपत्र दाताहरू वा निजहरूको प्रतिनिधिहरूको उपस्थितिमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। यस सम्बन्धी विस्तृत जानकारी शिक्षालयको वेबसाइट **www.bset.edu.np** तथा सूचना पाटीमा टाँस गरिएको छ।

**- शिक्षालय प्रमुख**

फाराम नं :

# बालाजु स्कुल अफ इन्जिनियरिङ्गएण्ड टेक्नोलोजी

बालाजु,काठमाडौं ।

२०८२

## चमेनागृह (क्याटिन) सञ्चालन सम्बन्धि

## सिलबन्दी दरभाउपत्र आव्हान

आ.व. २०८१/०८२

मूल्य रु : १०००।०० बोलपत्र फाराम बिकि गर्नेको सहि :

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

बालाजु स्कूल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी,

बालाजु, काठमाण्डौं

## चमेनागृह (क्यान्टिन) सञ्चालन सम्बन्धी
## सिलबन्दी दरभाउपत्र प्रस्ताव फाराम सम्वन्धमा

यस शिक्षालय परिसरको ब्लक ए भित्र रहेको चमेनागृह (क्यान्टिन) सञ्चालन गर्न ईच्छुक नेपाली नागरिक वा व्यावसायिक फर्महरुले सूचना प्रकाशित भएको मितिले २१औं (एकाईस) दिन भित्र कार्यालय समयमा रु १,०००। (एक हजार मात्र) बालाजु स्कूल अफ ईन्जिनियरिङ एण्ड टेक्नोलोजीको एभरेष्ट बैकको खाता नं. ०२०००१०५२०००४३ मा जम्मा गरि चमेनागृह (क्यान्टिन) सञ्चालन सम्बन्धी प्रस्ताव फाराम खरिद गरी संलग्न खाना/खाजाको परिकार र इकाई अनुसारको वस्तुहरु के कति दररेटमा उपलब्ध गराउन सकिन्छ त्यसको सिलबन्दी दरभाउको प्रस्ताव २१औं दिनको कार्यालय समय भित्र पेश गर्नु पर्नेछ। चमेनागृह (क्यान्टिन) सञ्चालन गर्ने बोलपत्र फाराममा शिक्षालयको छाप र हस्ताक्षर सहित शिक्षालयबाटै भौतिक रुपमा नै उपस्थित भई उपलब्ध गराएको फाराम मात्र मान्य हुनेछ।

शर्तहरुः-

१. सिलवन्दी दरभाउपत्र साथ लाहा छाप सहितको खामबन्दी दररेट, फर्म दर्ता प्रमाण पत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, प्यान (PAN) कर चुक्ता प्रमाण पत्र संलग्न गर्नु पर्नेछ। प्रस्ताव मिति २०८२ जेठ १२ गते सोमबार कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरि मिति २०८२ जेठ १३ गते मगलबार १२ बजे सम्म दर्ता गरिसक्नु पर्नेछ। सोही दिनको दिउँसो २ः बजे दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरुको उपस्थितिमा दरभाउपत्रहरु खोलिनेछ। निजहरुको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

२. चमेनागृह (क्यान्टिन) भवन/कोठा प्रयोग गरे वापत कुनै शुल्क/भाडा तिर्नु पर्ने छैन।

३. शिक्षालय र चमेनागृह (क्यान्टिन) सञ्चालक बीच सम्झौता गर्नु अघि सञ्चालकले शिक्षालयले तोकि दिए बमोजिम रु.३०,०००/- (अक्षेरुपी तीस हजार मात्र) धरौटी राख्नु पर्नेछ।

४. पिउँने, खाना पकाउने र अन्य प्रयोजनको लागि पानीको व्यवस्था साथै टेवुल, कुर्चि, विद्युत निःशुल्क उपलब्ध गराईनेछ।

५. चमेनागृह (क्यान्टिन) सञ्चालकले खाद्य स्वच्छताको आधारमा होटल रेस्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका-२०७४ मा भएका व्यवस्थाहरुको आधारमा पूर्णपालना गर्नुपर्नेछ। चमेनागृह (क्यान्टिन) सञ्चालकको सरसफाई प्रतिको प्रतिवद्धता र गुणस्तरीयता कायम राख्ने दायित्व हुनेछ। कानुनी अधिकार प्राप्त निकाय र शिक्षालय चमेनागृह (क्यान्टिन) निरिक्षण समितिबाट समय समयमा चमेनागृह (क्यान्टिन) को निरिक्षण गरिनेछ। निरिक्षण गर्दा चमेनागृह (क्यान्टिन) बाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह (क्यान्टिन) र वरपरको सरसफाई सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा शिक्षालयले निर्णय गरी जुनसुकै बखत हटाउन सक्नेछ।

६. चमेनागृह (क्यान्टिन) सञ्चालनको अवधि सम्झौता भएको मितिले १ (एक) वर्ष कायम हुनेछ। शिक्षालयलाई आवश्यक भएमा र चमेनागृह (क्यान्टिन) सञ्चालकको सेवा सन्तोषजनक भएमा आवश्यकता अनुसार चमेनागृह (क्यान्टिन) सञ्चालनको समयावधि नविकरण गर्न सकिन्छ।

७. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार शिक्षालयमा निहित रहनेछ ।

८. विशेष कारणले छोड्नु परेमा २ महिना अगाडि स्कुल प्रशासनलाई अग्रिम जानकारी गराउनु पर्नेछ ।

९. अन्य कुराहरु सम्झौता बमोजिम हुनेछ ।

१०. चमेनागृह (क्यान्टिन) बाट उपलब्ध गराउनु पर्ने खाना/खाजाको परिकार इकाई र मुल्य सुचि निम्न अनुसारको फाराममा प्रविष्ट गर्नुपर्नेछ र सो वाहेक आवश्यकता अनुसार शिक्षालयको स्वीकृती लिई सञ्चालकले खाना/खाजाको परिकार थप गर्न सक्नेछ ।

११. उल्लेखित खाना परिकार बाहेकका मुल्य दररेट आपसी सहमतिमा कायम गरिनेछ ।

| सि. नं. | खाद्य पदार्थको विवरण | प्रति ईकाई | प्रस्तावित रकम | | कैफियत |
|---|---|---|---|---|---|
| | पेय पदार्थ | | अंकमा | अक्षरमा | |
| १ | दुध चिया | प्रतिकप | | | |
| २ | कालो चिया | प्रतिकप | | | |
| ३ | दुध कफी | प्रतिकप | | | |
| ४ | वल्याक कफी | प्रतिकप | | | |
| ५ | लेमन टि | प्रतिकप | | | |
| ६ | हट लेमन मह सहित | प्रतिकप | | | |
| ७ | भेज खाजा सेट (चिउरा, टाईचन तराई भटमास, अचार, चना, आलु) | प्रति सेट | | | |
| ८ | चिकेन खाजा सेट (चिउरा, टाईचन तराई भटमास, अचार, चना, आलु, चिकेन) | प्रति सेट | | | |
| ९ | मटन खाजा सेट (चिउरा, टाईचन तराई भटमास, अचार, चना, आलु, सलाद, मटन) | प्रति सेट | | | |
| १० | बोयल अण्डा | प्रति गोटा | | | |
| ११ | मिक्स तरकारी | प्रति कचौरा | | | |
| १२ | दही | प्रति कप | | | |
| १३ | दुध | प्रति गिलास | | | |
| १४ | भेज खाना (जिरा मसिनो चामल, साग, तरकारी, दाल, अचार, पापड) | प्रति सेट | | | |
| १५ | चिकेन/फिस खाना (जिरा मसिनो चामल, हरियो तरकारी, दाल, अचार, पापड, सलाद, चिकेन/फिस) | प्रति सेट | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | मटन खाना (जिरा मसिनो चामल, हरियो तरकारी, दाल, अचार, पापड, मटन खाना) | प्रति सेट | | | |
| १७ | परौठा (आलु) | प्रतिगोटा | | | |
| १८ | सेल रोटी | प्रतिगोटा | | | |
| १९ | जेरी, पुरी | प्रतिगोटा | | | |
| २० | समोसा ठूलो साईजको | प्रतिगोटा | | | |
| २१ | आलु चप | प्रतिगोटा | | | |
| २२ | भेज म:म (१० पीस) | प्रति प्लेट | | | |
| २३ | चिकेन म:म (१० पीस) | प्रति प्लेट | | | |
| २४ | भेज चाउमिन | प्रति प्लेट | | | |
| २५ | चिकेन चाउमिन | प्रति प्लेट | | | |
| २६ | अण्डा चाउमिन | प्रति प्लेट | | | |
| २७ | अमलेट (प्रति अण्डा) | प्रति प्लेट | | | |
| २८ | जाम ब्रेड २ पिस | प्रति प्लेट | | | |
| २९ | चना/आलु | प्रति प्लेट | | | |
| ३० | जेरी/पुरी तरकारी (१/२ पिस) | प्रति प्लेट | | | |
| ३१ | आलु जिरा फ्राई | प्रति प्लेट | | | |
| ३२ | खिर | प्रति प्लेट | | | |
| ३३ | मासु चिउरा (चिकेन/मटन) | प्रति प्लेट | | | |
| ३४ | गहुँ रोटी आटा | प्रति पिस | | | |
| ३५ | लस्सी सादा | प्रति गिलास | | | |
| ३६ | भेज सुप | प्रति कचौर | | | |
| ३७ | भेज पकोडा (६ पिस) | प्रति प्लेट | | | |
| ३८ | मिक्स अचार | प्रति प्लेट | | | |
| ३९ | चिकेन/मटन | प्रति प्लेट | | | |
| ४० | फ्राई राईस (भेज/चिकेन/मटन) | प्रति प्लेट | | | |
| ४१ | थुप्पा (भेज/चिकेन) | प्रति प्लेट | | | |
| ४२ | अण्डा थुप्पा (एउटा अण्डा) | प्रति प्लेट | | | |

नोट: (क) हरेक बस्तुको रकम अक्षर र अंकमा स्पष्टसँग उल्लेख हुने गरी मसीवाला कलमले लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

ख) प्रस्तावित फारामको प्रत्येक पानामा प्रस्तावदाताको दस्तखत तथा फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

ग) यस सम्बन्धि विस्तृत जानकारी शिक्षालयको वेवसाइट www.bset.edu.np तथा सूचना पाटीमा टाँस गरिएको छ ।

प्रस्तावदाता व्यक्ति/फर्मको नाम:

कार्यालयको तर्फबाट

ठेगाना:

सम्पर्क नम्बर:

दस्तखत:

मिति:

फर्मको छाप: